Urban Redevelopment Authority of Pittsburgh

HACP Housing Authority City of Pittsburgh

# OwnPGH होमओनरसीप कार्यक्रम

**OwnPGH होमओनरसीप कार्यक्रम (OwnPGH) ले पिट्सबर्ग सहर भित्र पहिलो चोटी घर किन्न चाहने व्यक्तिहरुलाई $90,000 सम्म प्रदान गर्दछ।**



## कार्यक्रमको बारेमा जानकारी

घर किन्न चाहने व्यक्तिहरूले पिट्सबर्ग शहर भित्र घर खरिद गर्न सहयोग गर्को लागिन अनुदान र ऋणको रूपमा जम्मा $ 90,000 सम्म प्राप्त गर्न सक्छन्।

- **एरिया मिडियन आय (AMI) को 80%** वा सोभन्दा कम पारिवारिक आम्दानी भएकाहरूका लागि **$50,000 सम्म अनुदान** उपलब्ध हुन सक्छ।
- **80% AMI वा सोभन्दा कम** पारिवारिक आम्दानी भएकाहरूका लागि **$40,000 ऋण उपलब्ध हुन सक्छ।** यो **0% ब्याज भएको, माफ हुन सक्ने ऋण** हो, जुन 10 वर्ष पछि माफ हुन सक्छ।

## कसले आवेदन दिन सक्छ?

- OwnPGH मा सहभागिताको लागि बैंकको स्वीकृति आबश्यक हुन्छ। व्यक्तिहरूले पहिले तीन यूआरए बैंक साझेदारहरू मध्ये एक मार्फत होमलोनको लागि पूर्व-योग्य हुनुपर्छ; सहभागी बैंकहरूको सम्पर्क जानकारीको लागि कृपया यो फ्लायरको पछाडि हेर्नुहोस्।
- AMI 80% भन्दा माथि नभएका व्यक्तिहरू; तपाईंको पारिवारिकआम्दानी कार्यक्रमको आय सीमा भित्र छ कि छैन भनी जाँच्नको लागि कृपया दायाँपट्टि रहेको चार्ट हेर्नुहोस्।
- पिट्सबर्ग शहर भित्र एक सम्पत्ति प्राप्त गर्न चाहने व्यक्तिहरू; पिट्सबर्ग सिमाना बाहिरका सम्पत्तिहरू OwnPGH सहायताको लागि योग्य छैनन्।

## एरिया मिडियन आय सिमा

| घरपरिवार संख्या | अधिकतम आय |
|---|---|
| 1 | $56,250 |
| 2 | $64,250 |
| 3 | $72,300 |
| 4 | $80,300 |
| 5 | $86,750 |
| 6 | $93,150 |

यो चार्टले OwnPGH कार्यक्रमको लागि आवेदन दिनचाहनेहरूको लागि अधिकतम वार्षिक आय सीमा देखाउँछ।

वार्षिक ग्रस आम्दानी = सम्पूर्ण घरपरिवारले प्राप्त गरेको कुल आम्दानी, कर र रोक्का गर्नु अघिको आय

## अतिरिक्त घर खरीद सहायता

AMI को 80% भन्दा कम आम्दानी भएका पहिलो पटक घर किन्न चाहने व्यक्तिहरुलाईले **$7,500 सम्म डाउन पेमेन्**ट र **क्लोजिङ लागतहरू 0% ब्याज**, 5-वर्ष स्थगित ऋणको रूपमा प्राप्त गर्न योग्य हुन सक्छन्।

# OwnPGH बैंक साझेदारहरू

**चरण 1:** तपाईं होमलोनको लागि योग्य हुनुहुन्छ कि भने जान्नको लागि कृपया तलका तीन मध्ये कुनै एक बैंकमा सम्पर्क गर्नुहोस्।

**चरण 2:** एकपटक तपाईंले होमलोनको लागि योग्यता पुष्टि गरेपछि, बैंकले OwnPGH कार्यक्रममा तपाईंको आवेदन दिने सुविधा दिनेछ।

### एसएसबी बैंक

**हेदर डिकम्यान**

**४१२.८३७.६९५५**

**hdieckmann@ssbpgh.com**

### फर्स्ट कमनवेल्थ बैंक

**जोसेफ टोमासेस्की ४१२.४९५.२३३७**

**jtomaceski@fcbanking.com**

### डलर बैंक

**स्टीव कामिन्स्की**

**412.261.4219**

**SKaminski205@dollarbank.com**

थप जानकारीको लागि, कृपया **412.255.6694,** ext. **6721** मा कल गरेर वा **OwnPGH@ura.org** मा इमेल गरेर URA मा सम्पर्क गर्नुहोस्। भाषा अनुवाद नि: शुल्क उपलब्ध गराईनेछ। कृपयाtranslation@ura.orgमा इमेल गर्नुहोस्।